स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेताले दयाहाङ राईले विभिन्न समुदायको चरित्र निर्वाह गर्न आफ्नो लागि भाग्यको कुरो भएको बताए। विभिन्न ठाउँ, समुदाय र मानिसको कथामा काम गर्न पाउँदा एकदमै आनन्द लाग्ने उनको धारणा थियो । 'कार्साङ'को गीत 'छुपुमा छुप' छायांकनको क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै उनले विभिन्न समुदायको व्यक्तिको अभिनयले धेरै कुरा सिक्न र जान्न मिलेको बताए । दयाहाङ 'कार्साङ'लाई परिवारबिचको सम्बन्धको कथा पनि भन्छन् ।

**आजको विचार...**



कुशासनको... (दुई पेजमा)

सोमबहादुर थापा



नेपालमा फिल्मको घोषणा जुन हिसाबमा हुन्छ, त्यो अनुपातमा निर्माण भएको पाइँदैन। धेरै फिल्म घोषणामै सीमित हुने गरेका छन्। अभिनेता प्रदीप खड्काको मुख्य भूमिका रहने भनिएको फिल्म 'ऐरी' पनि गत वर्षको मंसिरमा घोषणा गरिएको थियो। र, सन् २०२४ मा रिलिज लक्ष्य राखिएको थियो। घोषणको एक वर्ष वितिसक्दा पनि अझैसम्म फिल्म निर्माण हुन सकेको छैन। फिल्मको घोषणा हुँदा हिन्दी, अंग्रेजी, तमिल र नेपाली भाषामा फिल्म बन्ने जानकारी गराइएको थियो। फिल्मको चरित्रका लागि प्रदीपले तयारी पनि सुरु गरिसकेका थिए।

❐ वर्ष ३० ❐ अंक १५३ ❐ २०८१ पौष ११ गते बिहीबार 26 December 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सिद्धबाबा सुरुङमार्ग : तीनवटै बाइपासको 'ब्रेक थ्रु'


## मुख्य टनेल ६६ मिटर बाँकी, पौषभित्रै 'ब्रेक थ्रु' गर्ने तयारी

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पौष १०/राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको तीनवटै बाइपास सुरुङको 'ब्रेक थ्रु' भएको छ । कुल तीन वटा वाइपास रहेकोमा तीनवटैको 'ब्रेक थ्रु' भएको हो ।

भदौ २६ गते तेस्रो, असोज ४ गते पहिलो र पौष ७ गते दोस्रो बाइपासको 'ब्रेक थ्रु' भएको सिद्धबाबा सुरुङमार्ग आयोजनाले जनाएको छ । १ सय ५१ मिटर लम्बाइ रहेको पहिलो, १ सय ३० मिटर लम्बाइ भएको तेस्रो र १ सय ६१ मिटर लम्बाइ रहेको दोस्रो बाइपासको सुरुङ छिचोलिएर सकिएको हो ।

अहिलेसम्म भौतिक प्रगति भने ३९ प्रतिशत छ । मुख्य सुरुङको ब्रेक थ्रु भने यही पौषभित्र गर्ने गरी काम धमाधम भएको आयोजनाकी इन्जिनीयर सविता ज्ञवालीले बताईन् । उनका अनुसार मुख्य टनेलको ६६ मिटर मात्रै खन्न बाँकी रहेको छ । अहिलेसम्म १ हजार २३ मिटर सुरुङ खनिएको उनले एनजेडीलाई जानकारी दिइन् । इन्जिनीयर ज्ञवालीले कुनै समस्या आइनपरे पौष महिनाभित्रै 'ब्रेक थ्रु' गर्न समस्या नहुने बताइन् । यहाँ १ हजार १ सय २६ मिटर मुख्य सुरुङको लम्बाइ रहेको छ । तीनवटा क्रस प्यासेजहरूको कुल दूरी ४ सय ४२ मिटर छ । सबै क्रस प्यासेजको 'ब्रेक थ्रु' भइसकेको हो । सुरुङ र क्रस प्यासेजसहितको दूरी भने १ हजार ५ सय ६७ मिटर छ । यो योजनाअन्तर्गत बुटवलतर्फको चिडियाखोलाबाट ९ सय १० मिटर र पाल्पातर्फ ५ सय ६० मिटर दुई लेनमा सडक सुधारको काम गरिने आयोजनाले जनाएको छ । आयोजनाले भित्र काम भइरहेकाले बाहिरको काम गरेको छैन । मुख्य सुरुङको ब्रेक थ्रु पछि ढलान र सडक बनाउन सुरु गरिनेछ । सुरुङबाहिरको पहाडमा पहिरो बग्न नदिने गरी काम भइरहेको छ । बाटो फराकिलो पार्ने, सुरुङमार्गभन्दा दक्षिणतर्फको सडकलाई सुरक्षित बनाउन रक सेड र सडकको डिजाइनको काम गर्ने, सुरुङमार्ग बाहिरपट्टिको खण्डमा रक सेड, रक फल ब्यारियर र स्लोप प्रोटेक्सनको काम अब छिट्टै हुने इन्जिनीयर ज्ञवालीले बताइन् । पहिलो बाइपास माथिल्लो सिद्धबाबा मन्दिरतर्फको र तेस्रो बाइपास दोभान ड्याम साइडतर्फको हो । मुख्य टनेलको भागसम्म नपुगेको र केही लामो भएकाले दोस्रो बाइपास ब्रेक थ्रु हुन केही समय लागेको थियो । मुख्य सुरुङको दुवैतर्फबाट दैनिक विस्फोटसहित खन्ने काम जारी छ । यो सडक खण्डमा बारम्बार पहिरो खसेर दुर्घटना बढ्न थालेपछि विकल्पका रूपमा सुरुङ निर्माण थालिएको हो । यस खण्डको चार किमि पहिरो आउने क्षेत्रभित्र पर्छ । पाँच वर्षभित्र निर्माण सक्ने गरी २०७८ फागुनमा सुरुङ मार्गको ठेक्का सम्झौता भएको हो ।



ठेक्का चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कम्पनीले ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँमा लिएको हो । यसको समयावधि ०८३ फागुनसम्म छ । गत साउन पहिलो साता झरेको पहिरोले सुरुङमार्गको 'टनेल पोर्टल' नै पुरिएपछि तीनमहिना बढी समय रोकिएको थियो । सुरुङमार्ग निमार्णका लागि पटक-पटक सडक बन्द गरेर काम हुँदै आएको छ । ठूलो क्षति व्यहोर्नु परेको र त्रासदीमा यात्रा गर्नुपर्ने बाध्यतामा रहेका यात्रुहरू सुरुङमार्गको काम अन्तिमचरणमा पुग्न थालेपछि वर्षौंदेखि सुरुङ बन्ने सपना पुरा हुनेमा ढुक्क भएका छन् । यो सडक खण्ड प्रयोग गरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बाग्लुङ तथा म्याग्दीसम्म यातायातका साधन चल्ने गर्छन् । यहाँ हरेक वर्ष जाने पहिरोले जनधनको क्षति पुऱ्याउने गर्दछ । योजनाका अनुसार यहाँ बुटवल र पाल्पा दुबैतर्फ जोखिमयुक्त सडकमा दुई लेनको सडक बनाइने छ । सिद्धबाबा मन्दिर नजिकैबाट सुरुङ छिरेर पाल्पातर्फ तिनाउ जलविद्युत् आयोजनाको छेउमा निस्किने छ ।

### संक्षिप्त समाचार

## हवाई आक्रमणमा ४६ को मृत्यु

**रासस/एएफपी**

**काबुल,** पौष १०/अफगानिस्तानको पूर्वी सीमावर्ती प्रान्तमा पाकिस्तानले गरेको हवाई आक्रमणमा परी ४६ जनाको मृत्यु भएको तालिबान सरकारका प्रवक्ताले बुधबार एएफपीलाई जानकारी गराएका छन् । 'प्रवक्ता जबीहुल्लाह मुजाहिदले भने, 'मङ्गलबार राति पाकिस्तानले पक्तिका प्रान्तको बरमल जिल्लामा चार स्थानमा बमबारी गरेको थियो। मृत्यु हुनेको कुल सङ्ख्या ४६ पुगेको छ । मृतकमध्ये अधिकांश बालबालिका र महिला रहेका छन् ।' उनका अनुसार घटनामा अन्य छ जना घाइते भएका छन् । अफगानिस्तानको रक्षा मन्त्रालयले मङ्गलबार एक विज्ञप्ति जारी गर्दै अफगान भूमिमा पाकिस्तानले गरेको पछिल्लो आक्रमणको निन्दा गर्दै यसलाई 'बर्बर' र 'स्पष्ट उत्तेजना' भनेको छ । सरकारमा रहेका तालिवान अधिकारीहरूको नाममा जारी विज्ञप्तिमा भनिएको छ, 'इस्लामिक इमिरेट्स (अफगानिस्तान)ले यो कायरतापूर्ण कार्यलाई अनुत्तरित छोड्ने छैन, अफगानिस्तान आफ्नो भूभाग र सार्वभौमिकताको रक्षालाई आफ्नो अविभाज्य अधिकार ठान्छ ।' गत मार्चमा अफगानिस्तानको सीमावर्ती क्षेत्रमा पाकिस्तानी सेनाले गरेको हवाई आक्रमणमा आठ जना सर्वसाधारणको मृत्यु भएको तालिवान अधिकारीले जनाएका थिए ।

## टयाक्टर दुर्घटनामा एक जनाको मृत्यु, दुई घाइते




**पाल्पा,** पौष १०/स्याङजाको कालीगण्डकी गाउँपालिका-३ विर्घा-मिर्मी भित्री सडकखण्डमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । आलमबाट बिर्घातर्फ जाँदै गरेको लु ४ त ७८३१ नम्बरको टयाक्टर दुर्घटना हुँदा बारा-गढीमाई नगरपालिका - ११ का २२ वर्षीय सब्दुल अन्सारीको मृत्यु भएको हो ।

ट्याक्टरले च्यापिएका उनलाई उपचारका लागि कालीगण्डकी अस्पताल पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी निरीक्षक उमेशलाल श्रेष्ठले जानकारी दिए । ट्रली नभएको सिरक-डसना बनाउने मेसिन जोडिएको ट्याक्टर अनियन्त्रित भई सडक देखी अन्दाजी ४० मिटर तल खसी दुर्घटना भएको थियो । दुर्घटामा परी अन्य दुई जना घाइते भएका छन् । घाइते हुनेहरुमा बारा कलैया उपमहानगरपालिका -१० का २४ वर्षीय अर्जुन शाह र बारा गढीमाई नगरपालिकाका- ११ का २६ वर्षीय सलाम मुदिन मन्सुरी रहेको स्याङ्जा प्रहरीले जनाएको छ । घाइते दुबैको टाउका र शरीरका भागमा चोट लागेको छ । उनीहरूको थप उपचारका लागि लुम्बिनी मेडिकल कलेज प्रवास पाल्पा ल्याइएको छ । टयाक्टरमा सवार बारा गढीमाई -११ का १४ वर्षीय सिकन्दर यादव भने सकुशल रहेको प्रहरीले जनाएको छ । ट्याक्टर चालक भने फरार रहेकाले उनको खोजतलास भइरहेको प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिए ।

## स्नातकोत्तर गरेर पशुपालनमा ढुङ्गाना : वार्षिक १२ लाख आम्दानी गर्दै

**रामपुर (पाल्पा),** पौष १०/जिल्लाको रामपुर नगरपालिका-५ सानीअमराईका पुरुषोत्तम ढुङ्गानाले पशुपालन व्यवसायबाट वार्षिक १२ लाख आम्दानी गर्दै आएका छन् । उनले गाउँमा कृषिकर्मबाट स्वरोजगार बन्ने लक्ष्यसहित दुई वर्ष अघि व्यावसायिक गाईपालन सुरु गरेका थिए ।

ढुङ्गानाले फार्ममा अहिले ११ वटा उन्नत जातका गाई र तीनवटा भैंसी रहेका बताउँदै सात वटा गाई दुहुना रहेका जानकारी दिए । उनका अनुसार दैनिक ५० लिटर दूध उत्पादन भइरहेको छ । 'घरमा पहिलेदेखि चार-पाँचवटा गाई नियमित रूपमा पालिन्थ्यो, दुई वर्ष यता भने व्यावसायिक रूपमा 'रामपुर फार्म' दर्ता गरी गाईभैंसी थपेर व्यवसाय विस्तार गरेको हुँ', ढुङ्गानाले भने, 'आगामी दिनमा पशुचौपाया थप गरेर फार्म आधुनिक बनाउने योजना छ, अहिले संरचना थप्ने कार्य हुँदैछ ।' फार्मको रेखदेख, घाँस व्यवस्थापनलगायत



कामका लागि तीन जना कामदार राखेर रोजगारीसमेत दिइरहेको ढुङ्गानाले बताए ।

वार्षिक रूपमा सरदरमा १२ लाख आम्दानी हुने गरेको बताउँदै उनले व्यवसाय सञ्चालन गर्न भारत र नवलपरासीबाट गाई खरिद गरेर ल्याएको जानकारी दिए । ढुङ्गानाले फार्ममा अहिले होलस्टिन, जर्सी जातका गाई रहेका बताए । घाँस व्यवस्थापनका लागि तीस रोपनी जग्गा भाडामा लिएको भन्दै उनले करिब २१ रोपनी जग्गामा स्टाइलो, नेपियर जातका घाँस लगाएको उल्लेख गरे ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सत्तामुखी मनोवृत्ति बदलौँ

पछिल्लो केही वर्ष यता नेपालको राजनीति सत्ता वरपरमै सिमित बन्न पुगेको छ । केही सिमित नेताहरुको हातमा राज्यसत्ता कब्जा छ । उनीहरु जनभावना अनुसार काम गर्नु पर्नेमा सत्ता हात पार्नमै लडिरहेका छन् । यिनीहरूमा द्वन्द, कलह, गुट, फुट र स्वार्थ हाबी छ । जनता साँढेको जुधाइ बाछ्राको मिचाइमा छन् । राज्यको ढंग र राजनीतिक दलहरूको कार्यशैली देख्दा आमजनता वाक्कदिक्क भएका छन् । तर पनि नेपाली जनताले कहिले नेपाली कांग्रेस, कहिले एमाले र कहिले माओवादीलाई मतदान गरी पालैपालो सत्तामा पुऱ्याएका छन् । जुन दल सत्तामा पुगे पनि जनताका लागि भने केही पनि गर्न नसक्नु दुःखद् हो । देश र जनताका पक्षमा काम गर्ने अठोटसहित निर्वाचनमा जनताको मत जितेर गए पनि सत्तामा पुगेपछि आफ्नो र आफ्ना कार्यकर्तालाई मात्रै हेर्ने मनोवृत्ति यद्यपी नेताहरुमा छ । त्यसो हुनु गलत हो ।

राजनीतिक दलहरूमा तिक्तता, कुण्ठा, इर्ष्या, आडम्बर, आग्रह, पूर्वाग्रह, गुट, फुट, विभाजन, भ्रष्टाचार, कमिसन, परिवारवाद हुँदै विदेशीको इसारामा नाँच्ने कठपुतलीको भूमिका रही कुशासक बन्नेबाहेक देश र जनताका लागि काम गरेको देखिँदैन । यिनीहरूले देशको शिक्षा, स्वास्थ्य, प्रशासन, बाटाघाटालगायतका हरेक क्षेत्र लथालिंग बनाएका छन् । महंगीले आकाश छोएको छ । युवाहरु जति विदेश पलायन भएका छन्,किसानले समयमै मल पाउँदैनन् । सत्तामुखी राजनीति गर्ने र आफ्नो दुनो सोझ्याउने बाहेक नेताहरुमा अरु कही देखिदैन । यस्तो प्रवृत्तिले देश बन्न सक्दैन । अहिलेको लोकतान्त्रिक व्यवस्था आफैमा खराब हैन तर देश चलाउने नेताहरुले नै यसको दुरुपयोग गर्दा यस्तो अवस्था सिर्जना भएको हो । नेताहरुको खराब मनोवृत्तिले निरंकुशता बढाउने निश्चित छ । अहिलेको अवस्थामा जनताको हितका लागि अधिकतम अभ्यास गर्नु बुद्धिमानी हुनेछ । यसका लागि नेताहरुको आचरण र मनोवृत्तिचाहिँ बदलिन जरुरी छ ।

### Opinion @ Social Network

पर्खन मात्रै सक्नुपर्छ, चोट सहनेको मात्र होईन
चोट दिनेको पनि रुने दिन आउँछ ।
(सोनि थापाकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Soni.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कुशासनको परिणाम भयावह



सोमबहादुर थापा

*जब देशमा अराजकता, अन्याय, बेथिति र भ्रष्टाचारले सीमा नाघ्छ तब सडकमा सडकमा उत्रिनु स्वाभाविक हुन्छ । अझ यस्ता घटनामा जनता स्वःस्फूर्त सडकमा आउँछन् भन्ने पनि देखाएको छ । सिरियाली विद्रोहीहरूले तानाशाही भ्रष्ट शासक बसर अल असदलाई लखेटेरै छाडे । उनी र उनका पिताले चौवन्न वर्षसम्म सिरियामा निरंकुश शासन चलाएका थिए । बसर अल असदले गृह युद्धका बेला रसियाली सेनामार्फत लाखौं सिरियालीहरूको हत्या गराएका थिए । बसरको चौबीसे वर्षे शासनकालको अन्त्यका साथै उनको भविष्य के हुन्छ भन्ने अन्योल छ । भ्रष्ट र निरंकुश शासकहरूको हालत यस्तै हुन्छ । उता श्रीलंकामा राष्ट्रपति जयवर्धनेको पालासम्म स्वर्गको टुक्रा मानिन्थ्यो । उनीपछि आर्थिकरूपमा खस्कदै गयो । पछिल्ला शासकहरू भ्रष्टाचारमा लिप्त हुँदा श्रीलंकाको आर्थिक अवस्था निकै खस्केर गयो । भ्रष्टाचार बढ्दै जाँदा जनताले खान बस्न पनि नपाउने स्थिति भयो । सन् २०२२ मा श्रीलंकाली जनताले राष्ट्रपति गोतावाय राजापाक्षेलाई सडकै उत्रिएर लखेटे ।*

दक्षिण कोरिया, सिरिया, श्रीलंका र बंगलादेशका घटनाले नागरिक शक्तिशाली हुन्छन् भन्ने देखाउँछन् । ती देशका जनताले निरंकुश, भ्रष्ट र तानाशाही शासकहरूको सातो उँडाएका छन् । लोकतान्त्रिक शासन व्यवस्थामा जनताभन्दा माथि कोही पनि हुन सक्दैन । यी देशका घटनाले दिने सन्देश यही हो । दक्षिण कोरियाका राष्ट्रपति युन सुक यउलले विपक्षी दलहरूलाई सहमतिमा लिन सकेनन् । उनीहरूलाई राष्ट्रघातको आरोप लगाउँदै देशमा मध्यरातमा सैनिक शासन लागु भएको घोषणा गरे । सैनिक शासन लागु गरेको घोषणा गर्नासाथ राष्ट्रपतिलाई जिताउने तिनै जनता सैनिक कदमविरुद्ध सडक उत्रिए । यता दक्षिण कोरियाको संसद् नेसनल एसेम्बलीका सदस्यहरू पनि सेनाको घेराबन्दी तोड्दै संसद्मा भेला भए । तिनीहरू सैनिक कानुन तत्काल अमान्य घोषित गर्न सफल भए । जनविरोध र ससंद्को सक्रियता तथा आफ्नै पार्टीका सांसद र नेताहरूसमेतको विरोधका कारण छ घन्टामै राष्ट्रपति युन सुक सैनिक शासन फिर्ता लिन बाध्य भए । कानुनमा स्नात्तकोत्तर गरी छब्बीस वर्षसम्म सरकारी वकिलको पृष्ठभूमि भएका राष्ट्रपति युन सुकले संविधान र कानुन नबुझी सैनिक शासन लागु गरेका त पक्कै होइन । तर यो उनको महाभूल साबित भयो । सैनिक शासन लागु गरेर उनले आफ्नो खुट्टामा आफैँले चञ्चरो हान्ने काम गरे । कोरियाली संसद्मा रहेका विपक्षीहरूले सैनिक शासनको घोषणालाई मात्रै उल्ट्याएनन् राष्ट्रपतिमाथि दोस्रोपटक महाभियोगको प्रस्ताव राख्दै निलम्बन गर्न पनि सफल भए ।

सैनिक शासन लोकतान्त्रिक शासनको विकल्प होइन । लोकतान्त्रिक शासन व्यवस्थालाई बद्नाम गराउन सैनिक शासन लागु गरिन्छ । सैनिक शासनअन्तर्गत नागरिकका हकअधिकार खोसिन्छ भने स्वतन्त्र न्याय प्रणालीलाई सैनिक शासकको निर्देशनअनुसार चल्ने चलाउने गरिन्छ । निरंकुशता, स्वेच्छाचारिता, विभेद र भ्रष्टाचार नागरिकले मन पराउँदैनन् । यो शासक र शासकीय वृत्तले बुझ्नुपर्ने वास्तविकता हो । हामी कहाँ दुई दशकअघि त्यसरी नै तत्कालीन राजा ज्ञानेन्द्र शाहले एकाएक देशमा कार्यकारी अधिकार आफैँमा अन्तर्निहित गरी हिँडडुलसमेत गर्न नसक्ने डा. तुल्सी गिरि र कीर्तिनिधि विष्ट दायाँबायाँ लगाउँदै हिँड्न खोजे, सैन्य बलमै आधारमा । तर, तिनको शासन चौध महिनाभन्दा बढी टिक्न सकेन । अन्ततः राजतन्त्र नै समाप्त भयो । अर्थात्, ज्ञानेन्द्र अरूका लागि खनेको खाडलमा आफैँ जाकिन पुगे । कोरियाली राष्ट्रपति युन सुकमाथि भ्रष्टाचार र पदीय दुरूपयोगसम्बन्धी मुद्दा लागेको छ । उनकी श्रीमतीले उपहारमा लिएको महँगो ब्याग ठूलै 'इस्यु' बनेको छ । दुवै मुद्दा अदालतबाट प्रमाणित भएमा उनले आजीवन काराबास वा मृत्युदण्डको सजाय भोग्नुपर्ने हुन्छ । राष्ट्रपतिकै पार्टीका धेरै सांसद र केन्द्रीय नेताहरूलाई पनि उनको कदम मन परेको थिएन । त्यसैले उनकै पार्टीका सदस्यहरू पनि सैनिक कदमको विरोधमा खुलेरै लागे । वास्तवमा राष्ट्रपतिले संसद्मा विपक्षीको बहुमत भयो भन्दैमा आवेशमा देशमा सैनिक शासन लागू गर्नु नै उनको महाभूल साबित भयो । यो उनको अराजनीतिक र मूखर्तापूर्ण निर्णयले दक्षिण कोरियाका जनता लोकतान्त्रिक शासन व्यवस्थाको पक्षमा कति प्रतिबद्ध रहेछन् भन्ने भने देखाएको छ । यस घटनाले राष्ट्रपति वा अरू कुनै पनि सार्वजनिक पदाधिकारी उपर कुनै पनि देशका जनताले पूर्ण विश्वास र भरोसा गर्न हुँदोरहेनछ भन्ने पनि देखाएकोछ । जब देशमा अराजकता, अन्याय, बेथिति र भ्रष्टाचारले सीमा नाघ्छ तब सडकमा सडकमा उत्रिनु स्वाभाविक हुन्छ । अझ यस्ता घटनामा जनता स्वःस्फूर्त सडकमा आउँछन् भन्ने पनि देखाएको छ । सिरियाली विद्रोहीहरूले तानाशाही भ्रष्ट शासक बसर अल असदलाई लखेटेरै छाडे । उनी र उनका पिताले चौवन्न वर्षसम्म सिरियामा निरंकुश शासन चलाएका थिए । बसर अल असदले गृह युद्धका बेला रसियाली सेनामार्फत लाखौं सिरियालीहरूको हत्या गराएका थिए । बसरको चौबीसे वर्षे शासनकालको अन्त्यका साथै उनको भविष्य के हुन्छ भन्ने अन्योल छ । भ्रष्ट र निरंकुश शासकहरूको हालत यस्तै हुन्छ । उता श्रीलंकामा राष्ट्रपति जयवर्धनेको पालासम्म स्वर्गको टुक्रा मानिन्थ्यो । उनीपछि आर्थिकरूपमा खस्कदै गयो । पछिल्ला शासकहरू भ्रष्टाचारमा लिप्त हुँदा श्रीलंकाको आर्थिक अवस्था निकै खस्केर गयो । भ्रष्टाचार बढ्दै जाँदा जनताले खान बस्न पनि नपाउने स्थिति भयो । सन् २०२२ मा श्रीलंकाली जनताले राष्ट्रपति गोतावाय राजापाक्षेलाई सडकै उत्रिएर लखेटे । यता आरक्षणको विरोध गर्ने विद्यार्थीहरूले पन् वर्षसम्म अकण्टक शासन गरेकी बंगलादेशकी शक्तिशाली प्रधानमन्त्री शेख हसिनालाई सत्ता छाडेर भाग्न बाध्य पारेको पनि देखिएकै हो । गत जुलाईमा सुरु भएको आन्दोलनबाट हसिना सत्तामात्र होइन देशै छाडेर भाग्न बाध्य भइन् । दक्षिण अफ्रिकामा नेल्सन मन्डेलासँगै स्वतन्त्रताका लागि लडेका राष्ट्रपति ज्याकोव जुमा भ्रष्टाचार गरी अकुत सम्पति कमाएको अभियोगमा जेलमा सजाय भोगिरहेका छन् । अरू देशमा पनि भ्रष्टाचार गर्ने शासकहरूको हालत यस्तै देखिन थालेको छ । यो समय लोकतन्त्र, उदारवाद, खुलापन, सामाजिक न्याय, प्रतिस्पर्धा र सुशासनको समय हो । विश्वका कुनै पनि देशका शासकले निरंकुशता, नातावाद, कृपावाद र भेदभावपूर्ण तरिकाले शासन गरे जनताले सजाय दिन्छन् भन्ने बुझ्न जरुरी छ । भ्रष्टारले देश र जनतालाई खान्छ । क्यान्सरभन्दा पनि खतरा रोग हो भ्रष्टाचार । जनता भ्रष्टाचार गर्ने शासक वा कर्मचारी कसैलाई पनि विरोध गर्न र सडकमा उत्रिन डराउँदैनन् । सन् १९६० तिर दक्षिण कोरियामा ठूलो राजनीतिक अस्थिरता थियो । त्यतिखेर नेपालजस्तै सामान्य अवस्थाको दक्षिण कोरिया आज नेपालभन्दा सबै क्षेत्रमा धेरै अगाडि छ । कुशल नेतृत्व, स्थिर शासन र भ्रष्टाचार नियन्त्रणका कारण आज दक्षिण कोरियामा कसैको लगानी नचाहने स्थितिमा छ । यतिखेर नेपालका संघीय सरकार, संघीय संसद्, न्यायापालिका, कर्मचारीतन्त्र र विपक्षीहरूको कामकारबाही एवं भूमिकाप्रति असन्तुष्ट छन् । पाँचसात वर्षदेखि देश ठूलो आर्थिक संकटमा छ । स्थापित उद्योग, कल कारखना, प्रायः सबै बन्द हुने स्थितिमा छन् । सरकारी संस्थानहरू अधिकांश घाटामै छन् । महँगीले सीमा नाघेको छ । जनताले एकछाक टार्न पनि गाह्रो बन्दै गएको अवस्था छ । सबै तहका सार्वजनिक संस्था र निकायमा भ्रष्टाचार बढ्दो छ । पहिला पहिला मालपोत, भन्सार, कर, नापी कार्यालय र भूमिसुधार कार्यालय घुसखोरी तथा भ्रष्टाचारको मूल केन्द्र मानिन्थे । वन, पूर्वाधार निर्माण, आपूर्ति तथा सेवा क्षेत्र र स्वास्थ्य क्षेत्र पूरैजसो भ्रष्टाचारले अखडा बन्न पुगेका छन् । संस्थागत भ्रष्टाचारका कारण नेपालका विकास योजना अधिक महँगा बन्दै गएका छन् । विदेशी लगानीकर्ताहरू नेपालमा भ्रष्टाचारको बढ्दो 'ग्राफ' देखेर तर्सेको चर्चा पनि व्यापक बन्दै गएको छ ।

श्रमिकले खाई नखाई पठाएको पैसा र स्वास्थ्य बिमाको पैसामा पनि भ्रष्टाचार हुने गरेको समाचार आउन थालेका छन् । स्वास्थ्य बिमाका बिरामीहरूले चिकित्सकले लेखेअनुसारको औषधी अस्पतालको फार्मेसीमा नपाउँदा निजी क्षेत्रद्वारा सञ्चालित महँगो औषधी किन्न बाध्य छन् । पहिला कर्मचारीतन्त्रमात्रै भ्रष्ट मानिन्थ्यो । अहिले राजनीतिक नेतृत्व पनि भ्रष्टाचारमा लिप्त हुँदै गएको छ । भ्रष्टाचारको आशंकामा मन्त्रिपरिषद्को निर्णयविरुद्ध अनुसन्धान र कारबाही गर्न नपाइने व्यवस्थाले शासक वृत्त भ्रष्टाचारमा डुब्न पुगेको छ । नातावाद र कृपावादले पनि सीमा नाघेको छ । दलीय भागबन्डाले योग्यता, कार्यदक्षता र अनुभवलाई उपहास गरेको छ । यस्तो अवस्थामा पनि जनता र संघीय संसद् तथा संसदका समितिहरू सरकारका गलत कामकारवाही सच्याउन लगाउनेतिर नलाग्नु गैरजवाफदेही हो । जनताको धैर्यको बाँध फुट्यो भने त्यसको परिणाम धेरै भयावह हुनसक्छ । सरकार र राजनीतिक दलका नेताहरूले बेलैमा बुझेर अगाडि बढ्नबाहेक अर्को विकल्प देखिँदैन । राजा ज्ञानेन्द्रले झैँ आफैँ र लोकतान्त्रिक शासन व्यवस्था समाप्त पार्ने मूर्खता नगर्दामै नेताहरूको हित हुने देखिन्छ ।

*-बाह्रखरी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : हजुर ऊर्जावान रहनुहुनेछ । प्रशंसनीय कार्यले प्रतिष्ठा बढ्नेछ । | **तुला** : रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । यात्राको सम्भावना छ । |
| **वृष** : महत्त्वपूर्ण लक्ष्यहरू प्राप्त हुनेछ । मत्रवर्गहरूको सहकार्यले सफलता मिल्नेछ । | **वृश्चिक** : चिताएको कामले तीव्रता लिनेछ। नोकरीबाट मानसम्मान मिल्नेछ। |
| **मिथुन** : योजनाहरू सफल पार्न सकिनेछ। सफलतालाई लिएर मन प्रसन्न रहनेछ। | **धनु** : दाम, इनाम र प्रतिष्ठाकमाउने बेलाछ । स्वादिष्ट भोजन पाइनेछ । |
| **कर्कट** : व्यवसायका क्षेत्रमा प्रगति हुनेछ । कान्ति र शान्ति छाउनेछ । | **मकर** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । कार्यको योजना बन्नेछ । |
| **सिंह** : विचार पुऱ्याएर निर्णय लिनु राम्रो होला । दोधारको अवस्था सिर्जना हुनसक्छ । | **कुम्भ** : शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। बोलिको विपरीत अर्थ लाग्न सक्छ । |
| **कन्या** : समारोहमा सरिक हुने सम्भावना छ । प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ । | **मीन** : सकारात्मक विचारले सफलता मिल्नेछ। आर्थिक पक्ष सामान्य रहनेछ। |




कथा — अर्जुन यावा

# समय

धेरै दिनपछि आज गान्तोक आइपुगेको छु म । सचिवालय पुगेर झरेँ । एमजी मार्गमा बसेर रमिता हेरिबस्न मन लाग्यो । रमिता नै भनौँ मानिसहरूको ओहोर-दोहोर अनि व्यस्तता । हामी गाउँ-घरको उकाली ओह्रालीमा भुलिनेहरू, घरिघरि गान्तोक आउ-जाउ गर्नेहरूको मुखबाट मात्र गान्तोक शहरको सुन्दरताका कुराहरू सुन्न पाइन्छ । हेर्न त कहिलेकाहीं मात्र आइपुगिन्छ । त्यही कहिलेकहींको एउटा दिन आज पनि भएको छ । माथिबाट झर्दा स्टार सिनेमा हल छेउ हुँदैआएको, औधी रमाइलो लाग्यो । साँच्चै रमाइलो भएछ गान्तोक शहर। स्टार सिनेमा हल अगाडिह्देखि टाइटनिक पार्कसम्म नै भुइँमा टायल्स लगाइएको देखेँ । टाइटनिक पार्कमा पनि टायल्स लगाइएको रहेछ, कत्ति रमाइलो । महात्मा गान्धीको मूर्ति वरिपरि पनि राम्रा-राम्रा फूलहरू रहेछन्, माझमा पानीको फोहरामा देशी विदेशी पर्यटक फोटो खिँचाउनमा तल्लीन छन् । चारैतिर मानिसहरू व्यस्त देखिन्छन् । आ-आफ्नो धुनमा कहाँ र किन हो कुन्नि त्यसरी दगुरिरहेका छन्? एकप्रकार आनन्द लाग्दोरहेछ, लागिरहेछ रमिता हेर्न। काश: यस्तै खुशी हाम्रो गाउँ-घरमा पनि भइदिए ! हाम्रो गाउँ-घरमा कहाँ यस्तो हुन्छ र ! एका बिहानै घाँस काट्नु जानुपर्छ। पानी-झरी भन्नसम्म पाइएन । चिसो ठिही होस् कि टण्टलापुर घाम, घाँस दाउरामा जानैपऱ्यो, बारीको कामम गर्नैपऱ्यो । भोक-तिर्खा केही भन्न पाइँदैन । तर पनि एक प्रकारको रमाइलो हुन्छ गाउँमा । यहाँ त यतिबिध्न मान्छेहरू छन् तर सबै आ-आफ्नै व्यस्ततामा छन् सबै । यतिबेला म यहाँ राखिएको आराम कुर्सीमा बसेर रमिता हेरिबसेको छु । अचानक बिहान घरबाट निस्कँदाको कुरा झल्याँस्स सम्झनामा आयो । घरबाट निस्केको मात्र थिएँ, खोला पारिबाट गाडह्ी आउँदै गरेको देखेँ । घर माथिको सडह्कमा आइपुग्दा झण्डै दश मिनट त लाग्छ नै । पक्कै पनि गान्तोक गएको हुनुपर्छ, सम्झेर सामान्यभन्दा अलिकति तीव्र गतिमा उक्कालो लागेँ । गान्तोक आउने गाडह्ी हाम्रो गाउँबाट त्यति नपाइने हुनाले त्यो गाडह्ी भेट्नैपर्ने थियो मैले । सडह्क पुग्न पाँच-छ कदम मात्रै थियो, गाडह्ीले छोडिह्हाल्यो मलाई । लाग्यो, पल्लो गोलाई घुमेर आउँदा त माथिल्लो सडह्कमा पक्कै पनि भेट्छु । स्वाँ-स्वाँ तानिरहेको स्वास रोकेर फेरि अझै उक्कालो लागेँ । पेशाले शिक्षक मान्छे म । अलिअलि हिँड्ने बानी त छँदैछ । तर त्यसरी दौडिह्ने बानी विद्यार्थी जीवनसितै छोडिह्सकेको थिएँ । यसै त विद्यार्थी जीवनमा पनि धेरजसो समय पढह्ाइमा नै बित्थ्यो । सधैँ क्लासमा प्रथम आउने होडह्को दौडबाजीमा कहाँ त्यस्तो ध्यान दिन पनि सकियो र ! एक असल डाक्टर बन्ने लक्ष्य राखेर कलेजसम्मको अध्ययन पूरा गरेँ । सपना तर कहाँ सबै पूरा हुँदारहेछन् र ? म डाक्टर त बन्न सकिन, तर एक असल शिक्षक हुनसकेँ । त्योभन्दा पनि ठूलो कुरा आफै पढह्ेको सकूलमा आफैलाई पढह्ाउने शिक्षकहरूसँगै नानीहरूलाई पढह्ाउन पुगेको छु । म त डाक्टर भइन तर गाउँका नानीहरूलाई डाक्टर बनाउने सपना छ । उक्कालो स्वाँ-स्वाँ स्वास फेर्दै दगुर्दा गाडह्ी नभेटे पनि अन्तिम आशा थियो अर्को गोलाइमा घुमेर आउँदा त पक्कै भेट्छु भन्ने। साँच्चै गाडह्ी-भन्दा तीस सेकेण्ड जति छिट्टै पुगेँ । "अरे जीवन साथी ! कता हिँड्नु भयो ?" विनोद रहेछ । गाडह्ी रोकेर प्रश्रुन गऱ्यो, मैले पनि चाहेको त्यही थिएँ। हो, त्यही विनोद सानोमा मसितै पढह्ेको त हो । सम्झँदा पनि आङ सिरिङ्ग हुन्छ । साह्रै बद्माश थियो। क्लास क्याप्टन बनाउनु भएको थियो राधिका गुरुमाले। निहुँ केही चाहिँदैनथ्यो उसलाई साथीहरूको पिटाइ गर्न । "बजार हिँडेको। तलैदेखि तपाईंको गाडह्ी देखेर दगुरेको झण्डै भेटिएन। फेरि अरू गाडह्ी आज पाइन्छ जस्तो छैन। तपाईं गान्तोकतिरै जानुहुँदैछ भने मलाई पनि लिृट दिनुहुन्छ कि भनेर नि...।" मैले एकै स्वासमा भनिदिएँ। मनमा कता-कता अप्ठ्यारो लागिरहेको पनि थियो, तर उपाय केही नै थिएन । "अरे, बस्नोस् न । म गान्तोक नै गएको । पार्टी अफिसमा यूथ मिटिङ छ, त्यसैले जाँदैछु ।" म गाडह्ीमा पसेँ । यतिबिला पो थाहा पाएँ, अघि उक्कालो दौडह्ाइको बेला झण्डै कुलोमा पसिएको थिइयो । देब्रे खुट्टामा पेण्ट त हिलोले निक्कै बिगारेछ । फेरि सडह्क बीचको खाल्डोको पानी जुत्ताभित्र पनि पसेछ, थाहै पाइएन। जे होस् गाडह्ी पाएकोमा ढुक्कै भएँ कम्सेकम आजको काम त हुनेभयो । बाटो राम्रो नभए पनि स्कर्पियोमा चढ्नु आरामै हुँदोरहेछ । तीन घण्टा नभई मलाई गान्तोक उतारिदियो उसले । यतिबेलासम्म अघिको पेण्टमा लागेको हिलो सुकिसकेछ, रुमाल निकालेर पुछेँ अनि आफ्नो कामतिर लागेँ । ऊ भन्दै थियो, "भरे अलिक ढिलो हुन्छ होला तर पनि जानुभन्दा अगाडह्ी एकपल्ट फोन गर्नुहोस् ल । मिलेछ भने सँगै जाऊँ न ।" यो एमजी मार्गमा आएर नबसेको साँच्चै धेरै भएछ । पहिला आउँदा त नारायणदाससम्म मात्रै टायल्स लगाइएको थियो, हेर अहिले पल्लो छेउसम्म नै पुऱ्याएको रहेछ। सरकारले सिक्किमलाई स्वीजरल्याण्ड बनाउँछु भन्थ्यो, साँच्चै कति रमाइलो भएछ । हाम्रो गाँउ-घरमा पनि यस्तै रमाइलो भइदिए ! हाम्रो स्कूल जाने बाटो त झन् कहिल्यै राम्रो भएन । पोहोर बल्ल-बल्ल बनाएको पनि सबै भलले बगाइदियो । तर गाउँको त के कुरा पनि गर्नु र गान्तोककै पनि त सडह्कहरू सबै खाल्डै-खाल्डा भइसकेको रहेछ । यो भल-बाढह्ी त गाउँमा मात्रै पो सम्झेको, शहरमा पनि त्यही त रहेछ । " मैले पहिलो प्रश्रुनको जवाफ दिएकै थिइन, कफी पिउने प्रस्ताव आयो । अस्वीकार कसरी गर्ने र मैले? सिधै अर्थडक्समा पुगेर कफीसितै पर्क-चाउमिन पनि मगायो उसैले । म मनमनै सोचिरहेथेँ- "आठौं श्रेणीमा तीनपल्ट फेल भएर पढ्न नपाउँदा हेडसरसित झगडह्ा गरेर निस्किएको मान्छेको रवाफ आज यस्तो छ । गाउँ घरमा सबैले इज्जतै गर्छ । गाडह्ीमा गाडह्ी, बिल्डिङमा बिल्डिङ, पैसा-रुपियाँमा त्यतिकै सम्पन्न ।" कफी र चाउमिन सिध्याएर हामी झऱ्यौँ एमजी मार्गमै । "कति काम छ तपाईंको?" सोध्यो उसैले । "छैन, सकियो अघि नै ।" छोटो उत्तर दिएँ । "मेरो पनि काम केही छैन! उसो भए जाऊँ होइन ?" "जाऊँ ।" मैले भने, अनि उसको पछि लागेँ । एमजी मार्ग सिधै तेर्सिएर नारायणदास पुग्यौं अनि ठाडो लाइन ओह्रालो लाग्यौं। डेञ्जोङ सिनेमा छेउबाट अघि बढह्यौ । यहाँ अहिले पुरानो लालबजार छैन । त्यहाँ 'कञ्चनजैा शपिङ कम्प्लेक्स' छ । कञ्चनजैा शपिङ कम्प्लेक्सको भुइँतलामा राखिएको उसको गाडह्ीमा हामी दुवै पस्यौँ । यहाँ पनि पार्किङको समस्या भएकोले ट्याक्सी चालक सङ्गठनले केही दिनअघि मात्रै त हो यहाँ निजी वाहन नराखिदिइयोस् भनेर सरकारसित माग राखेको समाचार पत्रमा पढह्ेको थिएँ । यतिबेला म मनमनै सोचिरहेको थिएँ, पढह्ेरै मात्र जीवनमा कहाँ सफल भइँदो रहेछ र ! नभए बिहानै त्यसरी किन दौजिडह्नुपर्ने थियो । गान्तोक आउँदैपछि यसरी उकालो कुद्नुपर्ने थिएन । खै त मैले पढह्ेको, के भयो र ? मनमनै आफैसित प्रश्रुन गरेँ । दुई वर्षपछिको कुरा, म नानीहरूलाई ट्यूशन पढह्ाउनमा व्यस्त थिएँ। पारिबाट एक हुल युवाहरू कराउँदै आइरहेका थिए ।"हाम्रो नेता जिन्दाबाद ।" "जिन्दाबाद, जिन्दाबाद!" "विनोद तिमी नडराउ""नडराउ, नडराउ !" "गरीबको नेता आयो है" "आयो है, आयो है !"आज खै कुन चाहिँ पार्टीको टिकट बाँड्ने भन्दै थियो, सायद विनोदले पनि पाएछ । युवाहरूले लगाएको नाराबाट प्रष्टै बुझिँदै थियो । युवा समूह नारा लगाउँदै मेरै घरमा आइपुगेछ। अगाडिह्-अगाडिह् विनोद, पछि पछि समर्थकहरू रहेछन् । म दैलोमा निस्केको मात्र थिएँ, हातमा खदा लिएर "लहै साथी! तपाइँहरूको साथ चाहिएको छ। सहयोग गर्नुपर्छ है ।" भन्दै आइपुगेछउही विनोद साथी । हुलबाट एकजना अगाडिह् निस्किएर बोल्न थाल्यो, प्रकाश भाइ रहेछ । भन्दै थियो, "लु है जीवन दाज्यू! यसपालि हामीले राम्रो नेता पाएका छौँ, ढलफल हुनुभएन है । चुनाउसितै विनोद सरको ढिकुटी पनि रित्तियो। तर यो कुरा विनोद सरबाहेक अरूलाई सायद थाहा छैन । नयाँ स्कर्पियो पनि गाउँको हिलो र खाल्डा-खुल्डी भएको बाटोमा चलाउँदा-चलाउँदा ग्यारेज पुऱ्याएको छ भन्ने सुनेको थिएँ । जग्गा-जमीन पनि सबै चुनाउले नै खाइदियो, दुई वर्षअघि बनाएको घर र बाउ-बाजेले बनाइराखेको पुरानो घरबारी छोडह्ेर सबै सकियो भन्दै थिए गाउँकाहरू । तर पनि ढुक्कै छ विनोद सर दुई-चार वर्षमा फर्काइहाल्छु भन्ने सोचेर सायद । चुनाउ परिणाम आयो । विनोद सर बेलुका कतिबेला घर आइपुग्यो भन्ने सायद कसैले थाहा पाएनन् गाउँमा । मैले पनि थाहै पाइनँ । सोधखोज पनि गरिनँ। दिउँसो स्कूल जानु-आउनु, बिहान-बेलुका नानीहरूलाई ट्यूशन पढह्ाउनुको व्यस्तताले कहिल्यै फुर्सद पाइँदैन । पढह्ाउन भ्याउँदिन भन्दासम्म अभिभावकहरू घरैमा आएर "सरले पढह्ाइदिनै पर्छ" भन्छन्। सक्दिन भन्दा पनि "गाउँबाट अब यी केटाकेटीहरू कहाँ जावोस् त" भन्छन् । आफूलाई भने खानेसम्म फुर्सद छैन, तर पनि पढह्ाउँनै पऱ्यो । गाउँकाहरू मात्र नभएर कहाँ-कहाँकाहरू पनि आउँछन् । फेरि सबैको मायै लाग्छ। आफुले पढह्ाएका नानीहरू कहाँ-कहाँ पुगे, के-के भइसके, तर आफू भने जहींको तहीं । तरै पनि खुशी लाग्छ । झण्डै एक वर्षपछि बाल-दिवसको अवसरमा पारिपट्टिको एउटा निजी पाठशालामा जाँदै थिएँ । भ्याइ नभ्याइ भए पनि जानैपर्ने । हेड सरले आफै घरमा आएर कसै गरी भए पनि आउनुपर्छ भनेका थिए । ऊ पनि मेरै विद्यार्थी । जाँदै थिएँ, बाटोमा उही विनोद सर भेटाएँ, मेरो पुरानो साथी । "अरे ! धेरैपछि भेट भइयो, कता हिँड्नु भयो साथी ?" प्रश्रुन गऱ्यो उसैले । "पर भिजन एकाडमीसम्म जाँदैछु, तपाईं नि ?" जवाफसँगै प्रश्रुन राखेँ । "सानो काम थियोत्यसैले पल्लो गाउँसम्म जाँदैछु । ल त साथी गएँ है" भन्दै अघि बढह्यो पनि । पर सम्म हेरिपठाएँ, बिचरा निक्कै कमजोर भएछ । त्यसपछि भने धेरै भइसक्यो भेट भएको छैन । खबर पनि केही छैन । सायद कतैतिर व्यस्त होला । आजभोलि हाम्रो गाउँ यस्तै भएको छ, कसैलाई कसैको खबरै हुदैन । सबैलाई आ-आफ्नो व्यस्तता छ । गाउँको कुरा गाउँमै थाहा हुँदैन, बरू शहरतिर पुगिहालियो भने चिनेकाहरूले सुनाउँछन् । सायद समयले सबैलाई व्यस्त बनाएको छ ।

*-समकालीन साहित्य डटकम*

निबन्ध — प्रकाश सायमि

# देवकोटाः महान् वा गरिब ?

गुरुजी, देवकोटाको तुलना भारतका कुन कविसँग हुन्छ ? जवाफमा गुरुजीले भने देवकोटाको तुलना भारतका तीन महान् कवि सुमित्रानन्दन पन्त, जयशंकर प्रशाद र निरालासित हुन्छ । राहुल सांस्कृत्यायनको यो प्रतिउत्तर सुन्दा भावुकताको चरमजस्तो लाग्छ । तर उनले अत्यन्त सम्मानका साथ यो उत्तर सुधीजनहरुका माझ दिएको प्रख्यात इतिहास छ । नेपाल र भारतको तुलना गर्दा देवकोटाको तुलना सदैव भारतका तीन महान् हस्ती पन्त, निराला र प्रसादसँग गरेको पाइन्छ । भारतका महाकवि सुमित्रानन्दन पन्तले भारतवर्षका महान् एघार नक्षत्रमा नेपालका महाकवि देवकोटाको नाउँ पनि गर्वका साथ जोडेर उनले उत्तर दिएका छन् । उत्तरका क्रममा उनले नागार्जुन, रमण महर्षि, शंकर, गोरखनाथ, जे कृष्णमूर्ति र बुद्धका समतुल्य देवकोटा मानेका छन् । तर नेपालीले देवकोटालाई दरिद्र कवि, दु:खी कवि र अव्यवहारिक प्राणीभन्दा अर्को संज्ञाबाट सम्बोधन गरेको कमै पाइन्छ । नेपालका महाकवि देवकोटालाई नेपाल र नेपालीले चिन्न नसकेको होइन । चिनेको तर परबाट अस्पष्ट रुपमा चिनेको र देखेको बुझिन्छ । उनले जीवन र जगतलाई आफ्नो दर्शन, ज्ञान र आकर्षणले भोगेका छन् । देवकोटालाई कसैले कवि, कसैले दार्शनिक, कसैले उपन्यासकार, कसैले निबन्धकार, कसैले कथाकारका रुपमा पाएका छन् । तर उनको समग्र स्वरुप एक गुरु वा एक चिन्तकका रुपमा हेरिनु जरुरी छ । उनी त्यस समयमा जन्मिए जतिबेला भारत र नेपालजस्ता मुलुक आफैंभित्र एउटा जटिल लडाइँ लड्दै थिए । त्यो लडाइँको पहिलो धार हो जनजनमा आत्मजागरण जगाउनु । अनि राष्ट्र जागरणको भाव स्वत: मन मनमा फैलिन्छ यसको प्रत्यक्ष प्रभाव थियो देवकोटाको सुन्दर, शान्त, विशाल नेपालको परिकल्पना र विश्वकवि रवीन्द्रनाथ ठाकुरको जनगणमन । यी दुवै कविका विचार र विश्वासमा एउटा समानता के थियो भने पाठकप्रतिको जिम्मेवारी अनि चेतनशीलताको बोध । विश्वकवि रवीन्द्र ठाकुरले अङ्ग्रेजको घनघोर विरोध गरे तापनि उनको अङ्ग्रेजी भाषाको अध्ययन सामान्य मान्छेको भन्दा उच्च र उम्दा थियो । नेपालका महाकवि देवकोटाको क्षमता पनि त्यस्तै थियो । उनले पश्चिमाजगतका होनहार कवितालाई पानीजस्तै पिएका थिए र त उनी आफ्नो रचनाको भावभूमिमा विश्वका ठूल्ठूला लेखकलाई पात्र बनाएर माचस्थ गर्थे ।

विश्वकवि रवीन्द्रनाथ ठाकुरलाई अत्यन्त सम्मान गर्ने महाकवि देवकोटाले आफ्नो अध्ययन कक्षमा रबिबाबुको फोटो कृष्ण भगवानसँगै सजाएर राखेका थिए । उनी कविलाई भगवानजत्तिकै माया गर्थे भन्ने उनको सम्मान दृष्टिबाट अभिमिन्चत हुन्छ । देवकोटाले आफ्ना समयका सबै महान् स्रष्टालाई पढ्न बुझ्न र लेख्न भ्याए । यसको कारण हो उनको रुचिसम्पन्न स्वभाव । उनी त्यस समयका महान् महान् स्रष्टासाथ देश विदेशमा सँगै र एउटै आरेखमा उभिएर बोल्न पाएका थिए । त्यो अवसरको उनले भरपूर प्रयोग गरेर समय, समाज र संस्कारको विकास गरेको सत्य हो । उनी राणाशासनका वेला दरबारबाट बोलाइएर ट्यूशन पढाउने पाउने आकर्षक शिक्षक थिए । उनको माग थियो । उनी त्यो समय एक साहित्यकारका रुपमा भारत, रुस आदि मुलुक घुम्न पाउने र घुमेर त्यसको लाभ लिन सक्ने एक सम्मानित स्रष्टा थिए । उनी आफ्नो समयका शक्तिशाली लेखक बालकृष्ण सम, बीपी कोइरालाजस्ता स्रष्टासित पनि समन्वय राख्न सक्ने र प्रतिस्पर्धा गर्न सक्ने साधक थिए । उनी एक शिक्षित परिवारका सन्तान भएकाले पनि उनलाई कुनै ठाउँ, परिस्थिति र प्रवृत्तिमा झुक्न परेन । उदाहरणका लागि उनले धनी र कुलीन परिवारका लेखक समले जत्तिकै सम्मान पाए । राजनीतिक रुपले शक्तिशाली लेखक बीपी कोइराला र मबीबी शाहजस्ता स्रष्टाका सामु पनि उनको अन्तर्राष्ट्रिय जगतमा सदैव सम्मान भयो । उनलाई पश्चिमका एकेक कविले त्यतिकै अनुभूतिका साथ पढे र चर्चित बनाए । महाकवि देवकोटाको रुचिको कुरा गर्दा उनले घुम्न चाहेका सानोभन्दा सानो ठाउँ पनि मन लगाएर घुमेका वा पुगेका छन् । त्यो चाहे उनको बुढो मावली झिल्टुँग होस् वा भारतको पहाडी राज्य दार्जीलिङ । दार्जीलिङको टाइगर हिललाई त उनले माया गरेर बाघचूली नाम नै राखिदिएका छन्, यो उनको सौम्यिक चरित्र हो । भ्रमणका शौखिन देवकोटा आफूमात्र होइन आफूलाई मनपरेका मान्छेलाई समेत लिएर भ्रमणमा निस्किन्थे । त्यसको सामान्य उदाहरण हो उनको भारतको आगराको भ्रमण । उनले आगरा जाँदा माधवप्रसाद घिमिरे, शङ्कर लामिछाने र श्रीप्रकाश घिमिरेलाई पनि लिएर गएका थिए । आफ्ना अनुज, आफ्ना शिष्य, आफ्ना प्रिजनलाई पनि त्यतिकै प्रेम गर्ने महाकवि देवकोटा इतिहास, कला र राजनीतिका पारखी थिए । उनले त्यही ज्ञानले प्रेरित भएर मित्रहरुलाई ताजमहल देखाउन लगेको इतिहास छ । ताजमहल देखाएका मात्र होइन, ताजमहल देखाउन जाँदा उनले ताजमहलमाथि कविता लेखेर चर्चा पाउने कवि एवं शायर साहिर लुधियनवीका कविता अन्तस्थबाट सुनाएका थिए । हिन्दी, नेवारी, अङ्ग्रेजी भाषाका विज्ञ मानिने देवकोटाले उन्नाइसौँ शताब्दीमा आएका नयाँ नयाँ विधासित परिचित भएर सहकार्य गरेका छन् । उनले त्यतिवेलाको लोकप्रिय विधा मानिने नाटकलाई पनि आफ्नो अभिव्यक्तिको माध्यम बनाए र त्यसैको परिणामस्वरुप डिल्लीबजारका युवालाई लिएर नाटकको निर्देशन पनि गरे । त्यही नाटकको निर्देशनका क्रममा उनले त्यतिवेलाका अभिनेता हरिप्रसाद रिमाललाई डिल्लीबजारको हिरो नाम राखिदिएका थिए । र उनी युवालाई आकर्षण दिन फिल्मीभाषामा हिरोको संज्ञा दिन्थे । युवाहरुका माझ सदैव लोकप्रिय देवकोटाले युवापुस्तालाई पुस्तकको संसारतिर सदैव आकर्षित गरे । अर्नेस्ट हेमिङ्वेले पुस्तकजस्तो इमान्दार साथी तिमीले कोही भेट्दैनौ भने जस्तै महाकवि देवकोटाले सदैव पुस्तक र पुस्तकालयप्रति मानवमनलाई खिँचिरहे । जसको उदाहरण हो नेपालमा भारतीय सरकारको लगानीमा नेपाल भारत सांस्कृतिक पुस्तकालय खुल्दा उनले त्यहाँ लाइब्रेरियन भएका शंकर लामिछानेलाई सदस्यको संख्या बढाउन प्रशस्त सहयोग गरेका थिए । देवकोटाकै सहयोगमा त्यतिवेलाका युवा तेजेश्वरबाबु ग्वँग: जस्ता युवक त्यस पुस्तकालयको सदस्य भएका थिए । र उनले आजपर्यन्त उनको त्यो गुणलाई प्रेरणाको रुपमा लिएका छन् । यही प्रेरणाका कारण उनी सदैव युवामाझ उच्चाकर्षणका पात्र थिए । उनले सदैव युवालाई नयाँ नयाँ विधालाई मानवोच्चित सम्मान दिए । उनले युवाजगतलाई भ्रमबाट मुक्त हुन अनि सार्थक स्वप्नको दुनियाँबाट बन्चित नहुन निर्देशन दिए । जब उनलाई युवा लेखक र उनकै विद्यार्थी शङ्कर लामिछानेले मार्ग निर्देशनको निम्ति सल्लाह माग्न गए उनले स्पष्ट भने " रिपिटेशन अन् दि सेम लाइन ह्याज नो मिनीग । म लागेको बाटोमा तिमी आउने हो भने नआउनू ।" यसैको परिणाम स्वरुप उनले नेपाली गीत सङ्गीतका निम्ति पनि युवाका चासो निम्ति गीत रचना गरे र युवालाई हौसला पनि दिए । आफ्ना मित्र आशागोपाल गुरुवचार्यका छोरा नारायणगोपाललाई उनले सदैव सुगमसङ्गीतको विकासमा र त्यसको रचनात्मक संरक्षणमा अघि बढ्न सल्लाह र सुझाव दिए । त्यही प्रेरणाले गायक सङ्गीतकार नारायणगोपालले कवितका गीत, कविका कवितालाई सङ्गीत गरे गाए । र, स्वयम् नारायणगोपालले पनि आफ्नो एक निबन्धमा सो विषयमा लेखेका छन्, यदि देवकोटा बाँचेका भए भनेर । त्यो निबन्धमा स्वरसम्राट् नारायणगोपालले रुचिसम्पन्न कवि देवकोटाको विचारको उच्चता र वैभवको उच्चभावले प्रशंसा गरेका छन् । देवकोटाको व्यक्तित्वबाट प्रभावित भएर नारायणगोपालले महाकविको कालजयी कृति सगरभरि छाती चिरी लाई गीत बनाएर गाए । देवकोटालाई फदयत: मनन गरे । नारायणगोपालले आफू चेतनाले सम्पन्न भइसकेपछि महाकविको गीतिनाटक मुनामदनलाई सबभन्दा सुन्दरतापूर्वक सङ्गीत गरेर सजाए जसका कारण देवकोटा फेरि जन्मे फेरि अर्को आयु पाए । यो देवकोटाको युवाप्रति युवापनको सङ्गीतप्रतिको परिणाम हो । उनले जीवनलाई चिनेका थिए जानेका थिए । नारायणगोपाल मात्र होइन देवकोटा सङ्गीतप्रवीण नरराज ढकाललाई पनि अति माया गर्थे । शास्त्रीय सङ्गीतका ज्ञाता नरराज ढकाललाई उनले सुयोग्य सम्झेर आफ्नी भान्जी बधुको रुपमा दिन सहर्ष स्वीकार गरे र उनले सङ्गीतका अनुसेवी ढकालको उत्तरोत्तर भविष्यको सदैव सफलताको कामना गरे । सङ्गीत प्रवीण नरराज ढकालले सदैव महाकवि देवकोटाको धनदौलत नहेरी व्यक्तिको प्रतिभाबाट प्रभावित भई महाकविले गरेको यो गुण गाइरहे । देवकोटाले नेपाली जनस्थानमा शिक्षाको प्रतिभाको र सामूहिकताको सदैव प्रशंसा गरेकाछन् । उनले साहित्यको अध्ययनमा पण्डित्याइँ नदेखाई हरेक किसिमको अध्ययनमा जोड दिए त्यो चाहे इलियट होस् वा बैकन । टैगोर होस् वा गालिब । शेक्सपियर होस् वा पल् भेलेरी । उनले सम्मानका साथ पढ्न र पढाउन लगाए । यो नै देवकोटाको बैयक्तिक विशेषताको पहिचान थियो । तर देवकोटाको दुर्भाग्य भनेको समकालीक्ता हो । उनलाई सबभन्दा बढी उनकै समकालीनले चिन्न सकेनन् । उनलाई उनी जन्मेको समाजले गलत व्याख्यातीत गरे । उनी सदैव प्रतिभासम्पन्न भन्दा गरिब र निर्धन भएर बाँचको परिस्थितिकीको चर्चा गरे । यो देवकोटाको जीवनको ठूलो ट्रेजेडी मान्न सकिन्छ । मनपरेको खान पाउने मनपरेको ठाउँमा घुम्न जाने र त्यस्तो समयमा मनले चाहेजस्तो पढ्न र पढाउन पाउने सौभाग्यशाली व्यक्ति देवकोटालाई बारम्बार नेपाली जनसमाजले सरकारलाई गाली गर्ने बाहना गरिब बनाइरह्यो तर वास्तवमा उनी गरिब चैं थिएनन्, बल्कि उनी त्यस समयका अन्तर्राष्ट्रिय समाजमा समादृत स्रष्टा थिए, र विश्वका निम्ति नेपालका सांस्कृतिक राजदूत थिए । यो कुरा हाम्रो अर्धबौद्धिक समाजले कहिले र कुनै सर्तमा बुझ्न सकेन । विश्वले मानेका र पुजेका महान् देवकोटा नेपालका गालिब, नेपालका बोर्खेस, नेपालका कामू थिए, यस कुराको हेक्का हामीलाई सय वर्षपछि पनि भएको छैन । सय वर्षपछि पनि हामीले देवकोटालाई उर्दूका महाकवि गालिबलाई जति पनि सम्मान नदिएर श्रद्धापूर्वक उनको गरिबी, उनको चुरोट, उनको दयनीयताको व्याख्या गरिरह्यौँ भने सबभन्दा बढी हाम्रो गरीबी झल्किरहनेछ ।

*-साहित्यपोस्ट डटकम*

# पाल्पामा पनि मनाइयो 'क्रिसमस डे'



**पाल्पा,** पौष १०/ इसाई धर्मावलम्बीले बुधबार (२५ डिसेम्बर) धुमधामका साथ क्रिसमस मनाएका छन् । क्रिश्चियन धर्मका संस्थापक येशु ख्रीष्ट जन्मेको दिनको सम्झनामा यस समुदायले पाल्पासहित देशभर 'क्रिसमस डे' विभिन्न कार्यक्रम गरी मनाएका हुन् ।

इसाई धर्मगुरु जिसस क्राइस्टले मानवजातिको मुक्तिका लागि आहुति दिएको सम्झनामा क्रिसमसे मनाउने गरिन्छ । पाल्पामा रहेका विभिन्न चर्चलेहरु आ–आफ्नै तवरले उक्त पर्व मनाएका हुन् । येशुको जन्मोत्सवको उपलक्ष्यमा क्रिश्चियन धर्मावलम्बीले प्रभु येशुले समस्त नेपालीको कल्याण गरून् भन्ने कामनासहित जिल्लाका चर्चमा प्रार्थना लगायत विभिन्न कार्यक्रम गरी मनाइएको चर्चहरुले जनाएका छन् । बुधबार बिहानैदेखि जिल्लाका विभिन्न ठाउँमा रहेका चर्चहरुमा भेला भएर क्रिश्चियन धर्मावलम्बीले क्रिसमस डे मनाए । क्रिसमसका उपलक्ष्यमा जिल्लाका तानसेन चर्च, हेब्रोन चर्च, गोशेन चर्च, ख्रीष्टय आराधाना केन्द्र चर्च लगायतका सयभन्दा बढी चर्चहरुमा परमेश्वरको वचन, भजन, प्रवचन र शुभकामना आदानप्रदान कार्यक्रम गरिएको थियो ।

आजभन्दा दुई हजार २२ वर्षअघि डिसेम्बर २५ तारिखका दिन येशु ख्रीष्टको जन्म इजरायलको बेथलेहेममा भएको थियो । पवित्र आत्माबाट गर्भवती भई कुमारी मरियमबाट जन्मिएका येशु ख्रीष्टले तीन मुख्य खुसीयाली दिएको भन्ने मान्यता रहेको छ । येशुले मुक्ति, प्रेम र शान्ति दिएको विश्वासमा क्रिश्चियन समुदायले यसको दिनलाई तीनवटै दिवसका रूपमा मनाउने गरेका छन् । मानिसलाई प्रेम गरेर आएकाले प्रेम दिवस, शान्ति स्थापना गर्न आएकाले शान्ति दिवस र मुक्ति दिन आएकाले मुक्ति दिवसका रूपमा यस दिनलाई मनाउने गरिएको हो ।

विश्वका धेरै मानिसले मनाउने क्रिसमस डे नेपालमा भने विसं २०६३ पछि महोत्सवका रूपमा मनाउन थालिएको हो । यस दिन सबैलाई सार्वजनिक बिदा दिइएको थियो । हाल नेपालमा ३० लाख क्रिश्चियन धर्मावलम्बी रहेको जनाइएको छ । तेह्र हजारभन्दा बढी चर्च बनिसकेका छन् । हुन त क्रिसमसलाई ईसाईहरुको पर्व भनिन्छ, यद्यपि यो पर्वलाई सबै धर्म मान्ने व्यक्तिहरुले उत्तिकै उल्लासका साथ मनाउन थालिसकेका छन् । नेपालमा मात्र होइन, सम्पूर्ण विश्वमा नै क्रिसमसलाई धुमधामका साथ मनाइन्छ ।

# स्नातकोत्तर गरेर पशुपालनमा...

...ढुङ्गानाका अनुसार एकवटा गाईलाई ७३ हजारदेखि रु एक लाख ३० हजार मुल्य परेको छ ।

गाई खरिद र फार्म व्यवस्थापनमा करिब ३८ लाख लगानी परेको बताउँदै उनले पाँचवटा लैनो गाई थप्ने तयारीमा रहेको जानकारी दिए । पशुपालनमा पर्याप्त घाँसपातको व्यवस्था नहुँदा चुनौती थपिएको ढुङ्गानाले बताए । पशुका लागि घाँसपात प्रशस्त आवश्यक पर्ने भएकाले घाँसपात व्यवस्थापनमा लगानी बढी खर्चिनुपरेको उनको अनुभव छ । उनले विज्ञान र ज्योतिषशास्त्रमा स्नातकोत्तर गरेका छन् । एमफिलको तयारीमा रहेका ढुङ्गाना गाउँमा बसेर केही उद्यम गर्ने लक्ष्य रहेकाले व्यावसायिक पशुपालनमा लागेका हुन् । 'कसैको अधिनमा नरहेर व्यवसाय गर्ने मनसायले पशुपालन थालनी गरेको हुँ, यसबाट जीविकोपार्जन गर्न सकिने, आम्दनी पनि हुने र स्थानीयलाई रोजगारी पनि दिन सकिन्छ ।

घाँसपात व्यवस्थापन मिलाउन सकियो भने आम्दानी मनग्ये हुने रहेछ', उनले भने । रामपुरको बेफाड बजारमा दूध बिक्री गर्दै आएको बताउने ढुङ्गानाले भने, 'पढेर जागिर खानुपर्छ भन्ने छैन, घरमा बसेर विभिन्न व्यवसाय गरेर जीविकोपार्जन गर्न सकिन्छ, स्वरोजगार बनेर उदाहरणीय काम गर्न सकिन्छ ।' पछिल्लो समय गाउँघरमा पशुपालनमा युवाको आकर्षण बढेको रामपुर नगरपालिकाका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । नगरपालिकाले युवा स्वरोजगार कार्यक्रममार्फत प्रोत्साहनमूलक कार्यक्रम गरिररहेकाले व्यावसायिक रूपमा कृषि, पशुपालन तथा विभिन्न पेसा गर्ने युवाको उत्साह बढेको उनले उल्लेख गरे । -**रासस**


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५–५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

# नेपाल भलिबल लिगको लोगो सार्वजनिक



**काठमाडौं,** पौष १०/भलिबलको पुरुष फ्रेन्चाइज लिग नेपाल भलिबल लिग (एनभीएल) को लोगो सार्वजनिक भएको छ । आयोजक केडिया ग्रुपले एक कार्यक्रम गर्दै फ्रेन्चाइज लिगको नाम लोगो र स्लोगान सार्वजनिक गरेको हो ।

युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले लोगो अनावरण गरेका थिए । यस्तै मन्त्री चौधरी र केडिया ग्रुपका अध्यक्ष विमल केडियाले संयुक्त रुपमा 'उचाईको नयाँ उडान' नामक स्लोगान सार्वजनिक गरे ।केडिया ग्रुपका निर्देशक अश्विन केडियाले नेपाली भलिबललाई थप यचाईमा पुऱ्याउने लक्ष्यका साथ यचाईको उडान स्लोगान राखिएको बताए । एनभीएलका एडमिन तथा अपरेसन हेड विकास खेतानले पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता हुने र सिंगल राउण्ड रोबिनका आधारमा खेल हुने जानकारी दिए । खेतानका अनुसार ९ दिनसम्म चल्ने लिगमा कुल १५ खेल हुने र लिगमा शीर्ष दुई स्थानमा रहने टोलीबीच फाइनल खेल हुनेछ । यस्तै हरेक टोलीमा १२ खेलाडी हुने त्यसमा ९ नेपाली र ३ विदेशी खेलाडी हुने खेतानले जानकारी दिए । पुरुष भलिबलको फ्रेन्चाइज लिगका लागि नेपाल भलिबल संघ र केडिया ग्रुपबीच गत जेठमा ७ वर्षको लागि सम्झौता भइसकेको छ । सम्झौता अनुसार केडिया ग्रुपले हरेक वर्ष नेपाल भलिबल संघलाई ३५ लाख रुपैयाँ प्रदान गर्नेछ । नेपालको भलिबल इतिहासमा पुरुषको फ्रेन्चाइज लिग पहिलो पटक हुन लागेको हो । यसअघि नै इन्फिनिटी ड्रिम्सले असोजमा महिला भलिबलको फ्रेन्चाइज लिग एभरेष्ट वुमन्स भलिबल लिग आयोजना गरेको थियो ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५–५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# सुन प्रतितोला एक सयले घट्यो




**पाल्पा,** पौष १०/बुधबार सुनचाँदीको भाउ सामान्य घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार यस दिन सुन प्रतितोला १ सय रुपैयाँ घटेको हो ।

अघिल्लो दिन प्रतितोला १ लाख ४९ हजार ८ सय रुपैयाँ रहेको सुन १ लाख ४९ हजार ७ सय रुपैयाँमा झरेको हो । चाँदीको भाउ तोलामा ५ रुपैयाँ घटेको छ । सोही दिन १ हजार ८ सय रुपैयाँमा झरेको छ । अघिल्लो दिन प्रतितोला १ हजार ८ सय ५ रुपैयाँमा चाँदीको कारोबार भएको थियो ।


कृषि उत्पादन बढाऔं

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं,
- कृषि तथा पशुपन्छीपालन सम्बन्धी तालिम लिऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीहरूमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरूसंग सल्लाह सुझाव लिऔं,
- कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई